# खण्ड एक : भूमिका

## १.१ पृष्ठभूमि

नेपालमा २०१३ सालवाट योजनावद्ध विकासको शुरुवात भएतापनि २०४७/०४८ मा प्रजातन्त्र पुनर्स्थापना हुनुभन्दा अधिसम्म केन्द्रीय स्तरवाट मात्रै योजना तर्जुमा हुने परिपाटी रहेको थियो । प्रजातन्त्र पुनर्स्थापन पछि राज्य सञ्चालनको लागि विकेन्द्रीकरणको नीति अवलम्बन गरियो । स्थानीय स्तरका निकायहरु -जि.वि.स., गा.वि.स./नगरपालिकालाई आ-आफ्नो क्षेत्रको विकास योजना तर्जुमा कार्यान्वयन गर्न सक्षम तुल्याउन स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ लागु भयो । यो ऐन र नियमावलीमा स्थानीय निकायहरुलाई आफ्नो क्षेत्रको विकासको लागि कम्तीमा ५ वर्षको आवधिक योजना तर्जुमा गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । स्वायत्त शासन ऐनमा व्यवस्था गरिए अनुरुप राष्ट्रिय योजना आयोगले तय गरेको मार्गदर्शन एवं खाकाको आधारमा जिल्लाको वस्तु स्थितिको विश्लेषणका आधारमा आवधिक योजना तर्जुमा गर्ने कार्य नेपालको सन्दर्भमा नौलो अभ्यास हो । यस्तो अभ्यासले जिल्लाको आवश्यकताहरु र जिल्ला स्थित साधन श्रोतको पहिचान गरी सोको आधारमा जिल्लाको समष्टिगत विकासकालागि विभिन्न क्षेत्रहरुमा अवलम्बन गर्नुपर्ने नीति, रणनीति प्रस्तुत गर्ने हुँदा स्थानीय निकायहरुलाई जिल्लाको विकासको लागि तर्कसंगत, क्रमबद्ध, सुव्यवस्थित रुपमा अगाडि बढ्न ठूलो मद्दत पुऱ्याउँदछ । यसै तथ्यलाई मनन गरी जिल्ला विकास समिति नुवाकोटले परामर्शदातृ गैह्र सरकारी संस्था “सेन्टर फर पोलिसी स्टडिज एण्ड रुरल डेभलपमेन्ट” को प्राविधिक सहयोगमा प्रस्तुत ६ वर्षे (२०६४/६५-२०६९/७०) आवधिक जिल्ला विकास योजना तयार पार्ने काम सम्पन्न गरेको हो । यस योजनाले तीन वर्षीय अन्तरिम योजनाको ३ वर्ष (२०६४/६५-२०६६/६७) र बाँकी ३ आ.व.हरुको समयावधि समेटेको छ ।

सहभागितामूलक प्रक्रिया अपनाई तर्जुमा गरिएको यो आवधिक जिल्ला विकास योजना जिल्ला विकासका सम्पूर्ण साझेदारहरुको सहमतिको एक दस्तावेज हुन पुगेको छ । यसले नुवाकोट जिल्लाको आर्थिक एवं सामाजिक विकासको लक्ष्य हासिल गर्नका लागि आवश्यक विभिन्न आयोजना तथा कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्न र जिल्लाको विकासमा सहयोग गर्न इच्छुक दाताहरु एवं सहभागी हुन चाहने साझेदारहरुलई समेत सहभागी बनाउन र समन्वयात्मक रुपमा विकासका कार्य सम्पन्न गर्न जिल्ला विकास समितिलाई मागदर्शन गर्ने विश्वास गरिएको छ । साथै सरकारको केन्द्र स्तरलाई समेत योजना तर्जुमा एवं बजेट विनियोजन गर्ने कार्यमा सहयोग पुग्ने र जिल्लाको विकासका क्रममा स्थानीय स्तर वाट गरिने माँग तथा आवश्यकतासंग सामञ्जस्य राख्न समेत मद्दत गर्नेछ ।

प्रस्तुत आ.जि.वि.यो. राष्ट्रिय योजना आयोगले तयार पारेको आ.जि.वि.यो.निर्देशिकाको अन्तिम मस्यौदामा उल्लेख गरिएको मार्गदर्शनका विषयलाई आधार मानी विभिन्न विषयगत क्षेत्रका विशेषज्ञको अध्ययन टोलीले तयार पारेको हो (अनुसूची १) । भाग १ मा जिल्लाको विविध क्षेत्रको वस्तुगत विश्लेषण एवं चित्रण समावेश गरिएको छ भने भाग २ मा सोही विश्लेषणको आधारमा तयार गरिएको आगामी ६ वर्षको आवधिक योजनाको दस्तावेज प्रस्तुत गरिएको छ ।

## १.२ उद्देश्य

विकेन्द्रीकरणको सिद्धान्त अनुरुप स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले प्रदत्त गरेको अधिकार, काम कर्तव्य तथ जिम्मेद्धारीको अधिनमा रही तयार गरिएको यस आ.जि.वि.यो.को प्र मुख उद्देश्य नुवाकोट जिल्लाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य तथ उद्देश्यहरु निर्धारण गरी आगामी ६ वर्षभित्र सो हासिल गर्न अवलम्बन गर्नुपर्ने उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरु पहिचान एवं परिभाषित गरी सोही अनुरुप कार्यक्रम तथा कार्ययोजना निर्माण तथा वजेट प्रक्षेपण गर्नु समेत रहेको  छ।

माथि उल्लेख गरिएको उद्देश्य परिपूर्तिको लागि निम्नलिखित मुख्य उद्देश्यहरु राखिएको छ।

१. जिल्लाको ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक स्थितिको विश्लेषण गरी पार्श्वचित्र तयार पार्ने ।

२. जिल्लाको प्राकृतिक श्रोत एवं साधन पहिचान गरी उद्योग विकास तथा खानी उत्खनन्को सम्भाव्यता पहिचान गर्ने ।

३. जिल्लामा अवस्थित उर्जाको विभिन्न श्रोतहरुको स्थिति विश्लेषण गरी साना जलविद्युत तथा वैकल्पिक उर्जाको सम्भाव्यता पहिचान गर्ने ।

४. जिल्लाको व्यापार, वाणिज्य र पर्यटनको वर्तमान स्थितिको चित्रण गरी पर्यटन विकासको सम्भाव्यताको लेखाजोखा गर्ने ।

५. जिल्लाको भौतिक तथा सामाजिक पूर्वाधारहरु जस्तै यातायात, सञ्चार, खानेपानी, शिक्षा, स्वास्थ्य आदिको वर्तमान स्थितिको विवेचना गरी आवश्यकताको पहिचान गर्ने ।

६. जिल्लाका जनजाति, दलित एवं उत्पीडित समूहको स्थिति विश्लेषण गर्ने र यीनको सामाजिक आर्थिक विकासको लागि नीति तथा कार्यक्रम पहिचान गर्ने ।

७. जिल्लामा रहेका सरकारी वित्तीय संस्थाहरु र गैह्रसरकारी संस्था एवं समुदायमा आधारित संघ/संस्थाहरुको स्थिति तथा क्षमता विश्लेषण गर्ने ।

८. जिल्ला विकासका समस्या, अवरोध एवं कठिनाईहरुको पहिचान गर्ने र तिनको समाधानका उपायहरु बारे विश्लेषण गर्ने ।

९. राष्ट्रिय योजना आयोगले तयार गरेको आ.जि.वि.यो.तर्जुमा सम्बन्धी निर्देशिका २०५८ र तीन वर्षीय योजनाले अङ्गिकार गरेको अवधारणा अनुरुप जिल्लाको ६ वर्षे (२०६४/६५-२०६९/७०) आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने ।

## १.३ योजना तर्जुमा गर्दा लिइएको सोच

१. नुवाकोट जिल्लाको विकासमा संलग्न साझेदार एवं सरोकारवालाहरुलाई आ.जि.वि.यो.को उद्देश्य एवं प्रक्रियाबारे अवगत गराई वास्तविक आवश्यकता पहिचान र सोको आधारमा प्र ाथमिकता तोकी विकासको दीर्घकालीन सोच निर्माण गर्ने तर्फ उत्प्रेरित गराउने ।

२. जिल्लाको विकास प्रक्रियामा स्थानीय निकायहरु (जि.वि.स./न.पा./गा.वि.स.) लाई केन्द्र विन्दुको रुपमा विकसित गर्दै जाने प्रक्रियालाई निरन्तरता दिने ।

३. लैगिंक समानता, उत्पीडित, दलित एवं इतिहास, भुगोल, आर्थिक र सामाजिक रुपले पछाडि परेका विपन्न जनजातिको आवश्यकता एवं सरोकारका बिषयहरुलाई विशेष ध्यान दिने ।

४. वातावरणसंग तादात्म्य हुने गरी विकासको अवधारणा अङ्गिकार गर्ने ।

५. जिल्लाको विकास कार्यमा सरकारी-गैह्रसरकारी साझेदारीको अवधारणा अनुरुप स्थानीय गैह्रसरकारी संस्थाहरुको सहभागिता वृद्धि गर्ने ।

## १.४ अध्ययन विधि

यो आवधिक जिल्ला विकास योजना दोश्रो एवं प्राथमिक श्रोतबाट वस्तुगत तथ्याङ्क एवं सूचनाहरु संकलन गरी सोको आधारमा तयार गरिएको छ ।

### १.४.१ दोश्रो श्रोत

दोश्रो श्रोत अन्तर्गत विभिन्न मन्त्रालय र जिल्ला स्थित सरकारी कार्यालय एवं गैह्र सरकारी संघ संस्थाहरुले प्रकाशन गरेका सामग्रीहरुवाट नुवाकोट जिल्लासंग सम्बन्धित आ.जि.वि.यो तर्जुमाको लागि सान्दर्भिक तथ्याङ्क एवं सूचनाहरु संकलन गरिएको थियो । यस अन्तर्गत केन्द्रीय स्तरमा निम्न कार्यालयहरु र सो अर्न्तगतका इकाईहरुमा सम्पर्क गरी आवश्यक अद्यावधिक तथ्याङ्क एवं सन्दर्भ सामाग्रीहरु संकलन गरिएको थियो ।

१. राष्ट्रिय योजना आयोग

२. स्थानीय विकास मन्त्रालय

३. कृषि मन्त्रालय

४. केन्द्रीय तथ्याङ्क विभाग

५. कृषि विभाग

६. पशु सेवा विभाग

७. खानी तथा भू-गर्भ विभाग

८. उद्योग विभाग

९. स्वास्थ्य सेवा विभाग

१०. शिक्षा विभाग

११. स्थलरुप नापी महाशाखा

१२. भू-सम्पदा नक्साङ्कन परियोजना

१३. विकेन्द्रीत स्थानीय स्वायत्त शासन सहयोग कार्यक्रम

१४. जिल्ला विकास समिती महासंघ

१५. इसीमोड

१६. आई.यु.सि.एन, नेपाल

यस अतिरिक्त नुवाकोट जिल्ला स्तरीय सम्पूर्ण सरकारी कार्यालयहरु,स्थानीय निकायहरु (न.पा.,गा.वि.स.हरु), सहकारी संस्था तथा वैंकहरु, गैह्रसरकारी संस्थाहरु, पेशागत संघ संस्थाहरु, विभिन्न विकास निर्माणसंग सम्बन्धित आयोजनाहरु र शैक्षिक संस्थाहरुवाट प्रकाशित सामाग्रीहरुको साथै फाईल/रेकर्डमा भएका अभिलेखवाट आवश्यक तथ्याङ्क एवं सूचना संकलन गरिएको थियो ।

## १.४.२ प्राथमिक श्रोत

दोश्रो श्रोतबाट संकलित तथ्याङ्क एवं सूचनाहरु जिल्लाको सामाजिक, आर्थिक पृष्ठिभूमि विश्लेषण गर्न र जिल्लाको विकासका समस्याहरु पहिचान गर्न उपयोग गरियो । तर आ.जि.वि.यो तर्जुमाको लागि दोश्रो श्रोतवाट उपलब्ध तथ्याङ्क एवं सूचनाहरु मात्र पर्याप्त नहुने हुँदा प्राथमिक श्रोतवाट विस्तृत रुपमा आवश्यक तथ्यांङ्क एवं सूचना संकलन गरिएको थियो । प्राथमिक श्रोत अन्तर्गतका सूचना संकलनका लागि निम्न विधि अपनाइएको थियो ।

१. दोस्रो तथा प्राथमिक श्रोत वाट तथ्याङ्क एंव सूचना संकलन गर्न योजना तर्जुमा टोलीका श्रोत व्यक्तिहरुले पटक/पटक नुवाकोट जिल्लाको स्थलगत भ्रमण गरेको थियो । यस क्रममा नुवाकोट जिल्लास्थित विभिन्न सरकारी तथा गैह्र सरकारी कार्यालयका प्रमुख सँग छलफल तथा अर्न्तक्रिया गरिएको थियो । साथै जिल्लाका वर्तमान तथा भूतपूर्व साँसदहरु, जिल्ला विकास समितिका पूर्व पदाधिकारी एवं सदस्यहरु, जि.वि.स.का कर्मचारीहरु, विकेन्द्रीत स्थानीय स्वायत्त शासन सहयोग कार्यक्रमका कर्मचारीहरु, जिल्ला स्थित विकास आयोजनाका प्रमुखहरु, गा.वि.स.का निर्वतमान अध्यक्षहरु, प्राध्यापकहरु तथा शिक्षकहरु र नुवाकोट उदगमस्थल भई काठमाण्डौंमा विभिन्न सरकारी एवं गैन्ह सरकारी सेवामा कार्यरत तथा पेशागत समूहका व्यक्तित्वहरुसंग भेटघाट तथा छलफल गरी सूचना संकलन गरिएको थियो ।

२. आ.जि.वि.यो. तर्जुमाका लागि संझौता भए लगत्तै जि.वि.स.मा गा.वि.स.सचिवहरुको भेला गराई सो योजना तर्जुमा दलका श्रोत व्यक्तिहरुवाट आ.जि.वि.यो.तर्जुमा, यस्को महत्व र गा.वि.स. स्तर वाट संकलन गर्न पर्ने तथ्याङ्क एंव सूचनाको बारेमा जानकारी गराई छलफल गरिएको थियो । गा.वि.स. स्तरवाट तथ्याङ्क संकलनको लागि फारम तयार गरी वितरण गरिएको थियो ।

३. आ.जि.वि.यो. तर्जुमा गर्नको लागि सबै पक्ष बीच सर सल्लाह, समझदारी गरी अगाडी बढ्न र यो योजनालाई जिल्ला विकास सँग सम्वन्धि सबै सरोकारवालाहरुको साझा दस्तावेजको रुपमा तयार गर्न जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनीधि, उद्योग बाणिज्य संघका प्रतिनीधि, पत्रकार, क्याम्पसका शिक्षक आदिवासी, दालित, जनजातीका प्रतिनीधीहरु समेतको भेला गराई जि.वि.स. सभा गृहमा एक दिने आ.जि.वि.यो. पूर्व तयारी कार्यशाला गोष्ठी संपन्न गरिएको थियो ।

४. स्थानीय स्तरमा योजना तर्जुमा गर्दा समझदारीमा आधारित वर्तमान राजनैतिक अवस्थामा सबै दलको परामर्श र सहमतिका आधारमा अगाडी बढ्नका लागि २०६३ मङसिर २६ गते जिल्लामा सर्वदलीय बैठक गरिएको थियो । बैठकमा ८ राजनैतिक दल मध्ये जिल्लामा क्रियाशिल ७ वटा राजनैतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो (अनुसूची २) ।

५. निर्वाचन क्षेत्र तहमा जिल्लाका ७ वटै राजनैतिक पार्टीका प्रतिनिधिहरु, गा.वि.स. सचिवहरु, इलाका स्थित कार्यालयका प्रमुखहरु, जि.वि.स. का पूर्व पदाधिकारीहरु, अन्तरीम व्यवस्थापिका/संसदका सदस्यहरु, जि.वि.स.का अधिकृतहरु, गैऱ्ह सरकारी संस्थाका प्रतिनिधिहरु, शिक्षक, स्थानीय कृषक तथा महिला आदिको भेला गराई क्षेत्रगत रुपमा वस्तुस्थितिको विश्लेषण, अवसर, संभावना तथा आवश्यकताको पहिचान र प्राथमिकता दिनुपर्ने प्रमुख आयोजनाहरु पहिचान एंव विश्लेषणका साथै जिल्लाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण गर्न ३ वटै संसदीय निर्वाचन क्षेत्रमा १/१ वटा योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो ।

**(क) निर्वाचन क्षेत्र नं. १ स्तरीय गोष्ठी**

मिति २०६३ चैत्र १४ गते अन्तरीम व्यवस्थापिका/संसदका सदस्य श्री राजेन्द्र प्रकाश लोहनीको अध्यक्षतामा भवानी उच्च मा.वि. रानीपौवामा निर्वाचन क्षेत्र नं.१ स्तरीय गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीमा ६९ जनाको सहभागिता रहेको थियो (अनुसूची ३) ।

**(ख) निर्वाचन क्षेत्र नं. २ स्तरीय गोष्ठी**

मिति २०६३ चैत्र २९ गते अन्तरीम व्यवस्थापिका/संसदका सदस्य श्री हित वहादुर तामाङ्गको अध्यक्षतामा खरानीटार गा.वि.स.को अमरज्योति उच्च मा.वि. खरानीटारमा निर्वाचन क्षेत्र नं.२ स्तरीय गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीमा ९७ जनाको सहभागिता रहेको थियो (अनुसूची ४) ।

**(ग) निर्वाचन क्षेत्र नं. ३ स्तरीय गोष्ठी**

मिति २०६३ चैत्र ५ गते जनमोर्चाका जिल्ला अध्यक्ष श्री मोद प्रसाद रिजालको अध्यक्षतामा देउराली गा.वि.स.को भूमे देवी मा.वि. गोगनेमा निर्वाचन क्षेत्र नं.३ स्तरीय गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीमा ५८ जनाको सहभागिता रहेको थियो (अनुसूची ५) ।

### १.४.३ तर्कवद्ध योजना पद्धति

यो आ.जि.वि.यो. तर्जुमा गर्दा जिल्लाको हालको स्थितिलाई विश्लेषण गरी राष्ट्रिय योजना आयोगले प्रतिपादन गरेको तर्कवद्ध योजना पद्धतिको खाका अनुरुप क्षेत्रगत रुपमा प्रत्येक क्षेत्रको उद्देश्य, सूचक, प्रमाणित गर्ने आधारहरु तथा जोखिम पक्ष समावेश गरी आउँदो ६ वर्षको लागि नुवाकोट जिल्लाको आ.जि.वि.यो.को प्रारुप तयार गरिएको छ ।

### १.४.४ सांख्यकीय सूत्र तथा मान्यता

उपलब्ध तथ्याङ्कहरुको विश्लेषण र विभिन्न क्षेत्रको आगामी ६ वर्षको विकास लक्ष्य निर्धारण र साधनको प्रक्षेपण गर्न उपयुक्त साख्यकीय सुत्र तथा मान्यता प्रयोग गरिएको छ ।

### १.४.५ विश्लेषण र प्रतिवेदन लेखन

दोश्रो तथा प्राथमिक श्रोतवाट संकलित तथ्याङ्क एवं सूचनाहरु र विभिन्न चरणका गोष्ठीहरुवाट निस्केका निष्कर्षहरुको आधारमा विषयगत क्षेत्रका विशेषज्ञहरुवाट वृहत छलफल एवं विवेचना गरी आ.जि.वि.यो. तयार गर्ने कार्य सम्पन्न गरियो ।

## १.५ अध्ययन सीमा

१. आ.जि.वि.यो. तर्जुमा गर्नको लागि राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित निर्देशिकामा उल्लेख भए अनुसारको विषयगत विश्लेषणका लागि आवश्यक तथ्याङ्कहरुको उपलब्धताको कमीले गर्दा जिल्ला तहमा कुल गार्हस्थ उत्पादन र जिल्लाको आयात निर्यातको वर्तमान अवस्था आदिको अपेक्षित रुपमा विवेचना गर्न सकिएको छैन ।

२. कतिपय तथ्याङ्कहरु हाल सम्म जिल्ला तहमा सिर्जना नै नहुने गरेका, भएका तथ्याङ्कको पनि विश्वसनीयता कम भएको, विभिन्न तहमा छरिएका श्रोतवाट  तथ्याङ्क संकलन गर्नुपर्ने भएकाले र श्रोत पिच्छ नै तथ्याङ्कहरु बाझने स्थिति समेत रहेको (जस्तै जिल्लाको क्षेत्रफल, वनको क्षेत्रफल, सिंचित जमिनको क्षेत्रफल, कृषि उत्पादन) ले गर्दा श्रोत फरक पर्दा अलग अलग स्थिति समेत देखिन गएको छ । यसैले संभव भए सम्म केन्द्रीय स्तरवाट प्रकाशित तथ्याङ्क लाई नै आधार मानिएको छ ।

३. आवधिक योजना तर्जुमा प्रकृयाको लागि उपयोग गरिएका प्रकृयागत विधिहरु जि.वि.स. तथा गा.वि.स. का प्रतिनिधिहरुका लागि प्रथम पटक प्रयोग गरिएकाले योजना तर्जुमा गर्ने कार्यको लागि बढी समय लागेको थियो ।